प्रति इकाई अंकित मूल्य रु. १०/- दरको १०,००,००,००० (अक्षरेपी दश करोड) इकाई ले हुन आउने कुल रकम रु.१,००,००,००,०००/- (अक्षरेपी एक अर्ब रुपैंया मात्र) मध्ये न्यूनतम १,५०,००,००० (अक्षरेपी एक करोड पचास लाख) इकाई वा कुल बिक्री भएको इकाई संख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई जस मध्ये १३ (तेह) प्रतिशत अर्थात १,३०,००,००० (एक करोड तिस लाख) इकाई कोष प्रवर्द्धक कम्पनी मुक्तिनाथ विकास बैंक लिमिटेड तथा २ (दुई) प्रतिशत अर्थात २०,००,००० (बीस लाख) इकाई योजना व्यवस्थापक कम्पनी मुक्तिनाथ क्यापिटल लिमिटेडका लागि सुरक्षित राखी बाँकी न्यूनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाई यस विवरण पुस्तिकाको शर्तानुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिनेछ

दरखास्त दिन पाउने न्यूनतम इकाई संख्या : १००
दरखास्त दिन पाउने अधिकतम इकाई संख्या : १,००,००,०००

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१०/- प्रति इकाईका दरले ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

योजना व्यवस्थापक: मुक्तिनाथ क्यापिटल लि. MUKTINATH CAPITAL LTD. A Subsidiary of Muktinath Bikas Bank Ltd.

कोष प्रवर्द्धक: मुक्तिनाथ विकास बैंक लिमिटेड MUKTINATH BIKAS BANK LIMITED नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको विकास बैंक)

Muktinath Mutual Fund मुक्तिनाथ म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

मुक्तिनाथ म्युचुअल फण्ड १ (MUKTINATH MUTUAL FUND 1)

आव्हान पत्र

निष्काशन खुल्ला हुने मिति : २०८१/०८/२० गते
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०८१/०८/२४ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०८१/०९/०४ गते (बैंकिङ्ग समय पश्चात्)

यो विवरण पुस्तिका नभई केवल आव्हान पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट योजना संचालन तथा विवरण पुस्तिका स्वीकृत मिति : २०८१/०७/०७ गते ।

१. योजना सम्बन्धी संक्षिप्त जानकारी :

यस योजनाले लगानीकर्ताहरुलाई सामूहिक लगानी कोष नियमावलीको अधिनमा रही धितोपत्र, मुद्रा बजार उपकरण तथा बैंकको निक्षेपमा लगानी गरी उचित प्रतिफल प्रदान गर्ने तथा योजना अवधिभरको नेप्से परिसुचकको वृद्धि भन्दा बढी प्रतिफल प्रदान गर्ने लक्ष्य लिएको छ ।

१	योजनाको नाम	मुक्तिनाथ म्युचुअल फण्ड १ (Muktinath Mutual Fund 1)
	योजनाको आकार	रु.१,००,००,००,०००/((एक अर्ब रुपैंया मात्र)
	योजनाको प्रकार	बन्दमुखी (Close-ended)
२	निष्काशन गर्न लागिएको इकाई संख्या	१०,००,००,००० (दश करोड) इकाई
	प्रति इकाई अंकित मूल्य	रु.१०/- (दश रुपैंया मात्र)
	खरीद गर्नुपर्ने न्यूनतम इकाई संख्या	१०० (एक सय) इकाई
	खरीद गर्न सकिने अधिकतम इकाई संख्या	१,००,००,००० (एक करोड) इकाई
	अधिकतम सकारिने इकाई संख्या	१२,५०,००,००० (बाह्र करोड पचास लाख) इकाई । (सामुहिक लगानी कोष निर्देशिका,२०६९ को नियम १५ को उपनियम ४ बमोजिम निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गर्न सकिनेछ ।)
	योजनाको अवधि	१० वर्ष
	योजना परिपक्व हुने मिति	इकाई बाँडफाँड भएको मितिले १० वर्ष । (उक्त अवधि पश्चात् योजनाको सम्पत्तिलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानून बमोजिम वितरण गरिने) ।
	योजना बिक्री खुल्ला हुने मिति	२०८१/०८/२०
	योजना बिक्री बन्द हुने मिति (छिटोमा)	२०८१/०८/२४
	योजना बिक्री बन्द हुने मिति (ढिलोमा)	२०८१/०९/०४
	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।
	न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या	निर्देशिकाको दफा १५ को उपदफा (३) बमोजिमको न्यूनतम संख्या ५,००,००,००० (पाँच करोड) इकाई बिक्री नभएमा उक्त योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गर्न भुक्तानी प्रकृया शुरु गरिनेछ ।
	इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था	इकाई बिक्रीका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँड गरिनेछ ।
	सुचीकरण तथा दोस्रो बजार कारोवार व्यवस्था	योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत गरी कारोवार हुने व्यवस्था गरिने छ ।
३	योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफाबाट लाभांश वितरण गरी बाँकी रहेको रकम संचित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ ।
४	इकाई खरीद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नेपाली नागरिक, गैर आवसीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै संचयकोष, सामाजिक सुरक्षा कोष, कल्याणकारी कोष, गुठि, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सकिने छ ।
५	योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति	मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं । कम्पनी ऐन,२०६३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापना भएको । कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं र मितिः १२१२/०६६/६७, २०६६/१०/२७ नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त मितिः २०६७/४/११
६	योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	नगरकोटी शुशान एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, टोखा, काठमाडौं, नेपाल ।
७	योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना	नेपाल धितोपत्र बोर्डबाट स्वीकृत लिई लेखापरीक्षक नियुक्त गरिने ।
८	कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	डा. नरहरी ढकाल, ल.म.न.पा.-१८, नयाभ् बस्ती । श्री त्रिलोचन पंगेनी, वालिङ्ग-९, स्याङ्जा/का.म.न.पा.-३१, नयाँ बानेश्वर । व.अ. मोती राज गौतम, सुक्लागण्डकी-१२, तनहुँ/का.म.न.पा.-४, बालुवाटार । सिए अनिल पौडेल, आँधिखोला-३, स्याङ्जा/का.म.न.पा.-१४, बल्खु । श्री सुनिता सिग्देल, पोखरा-८, कास्की/का.म.न.पा.-१४, बल्खु ।
९	रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	***योजना व्यवस्थापक मुक्तिनाथ क्यापिटल लिमिटेड :*** इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडबाट योजना व्यवस्थापकको लागि रेटिङ्ग "IRN AMC Quality 3 (AMC Quality 3) Asset Management Company Quality Three " प्राप्त गरेको छ । उक्त रेटिङ्गले "Adequate ability of fund to achieve fund objectives"लाई जनाउँदछ । यो मिति २०८१/०६/१० (तदनुसार सेप्टेम्बर २६, २०२४) गते प्राप्त भएको र यसको बैधता मिति २०८२/६/०९ (तदनुसार सेप्टेम्बर २५, २०२५) सम्म रहने छ । ***कोष प्रवर्द्धक मुक्तिनाथ विकास बैंक लिमिटेड :*** केयर रेटिङ्ग नेपाल लिमिटेडबाट कोष प्रवर्द्धकको लागि रेटिङ्ग "CARE-NP BBB (IS) [Triple B (Issuer Rating)] (Pronounced as ICRA NP issuer rating triple B)" प्राप्त गरेको छ । उक्त रेटिङ्गले Moderate Degree of Safety regarding timely servicing of financial obligations, in Nepal लाई जनाउँदछ । यो मिति २०८१/०२/१६ (तदनुसार मे २९, २०२४) गते प्राप्त भएको र यसको बैधता मिति २०८२/१/०९ (तदनुसार अप्रिल २२, २०२५) सम्म रहने छ ।
१०	लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवम् निर्देशिकाको अधीनमा रही इकाई बिक्रीबाट संकलित रकम देहाय बमोजिमको कुनै वा सबै ***क्षेत्रमा लगानी हुनेछः*** (क) बोर्डमा दर्ता भएको धितोपत्र (ख) सार्वजनिक निष्काशन भएको धितोपत्र (ग) धितोपत्र विनिमय बजारमा सुचीकृत धितोपत्र (घ) नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु (ङ) बैंक निक्षेप (च) मुद्रा बजार उपकरण (छ) बोर्डले तोकिदिएको अन्य क्षेत्र (ज) नेपाल धितोपत्र बोर्डको नियमावली संशोधन भएमा सो समेत उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्येनजर गरी राम्रो प्रतिफल देखिएमा कुनै एक क्षेत्रको लगानीलाई नियमावलीले तोकेको सिमा भित्र रहि अन्य क्षेत्रमा सार्न सकिनेछ । तरलताका लागि व्यवस्था गरिएको वा लगानी भैनसकेको अवस्थामा रहेका रकमलाई लगानीकर्ताको हित तथा जोखिम अवस्थालाई मध्येनजर गरी सकेसम्म बढी ब्याज आउने प्रकृतिको बैंक खातामा राख्ने व्यवस्था गरिनेछ ।
११	योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनी मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं आफैले डिपोजिटरीको कार्य समेत गरिनेछ ।
१२	खुद सम्पत्ती मूल्य गणना तथा सो को प्रकाशन सम्बन्धी व्यवस्था	सामूहिक लगानी कोष निर्देशिका, २०६९ ले व्यवस्था गरे बमोजिम खुद सम्पत्ती मूल्य गणना गरिनेछ, जसलाई प्रचलित कानून बमोजिम सार्वजनिक गरिनेछ ।

२. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम : श्री मुक्तिनाथ विकास बैंक लिमिटेड

कोष प्रवर्द्धकको संक्षिप्त इतिहासः मुक्तिनाथ विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२/१२/२२ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०६३/९/१८ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी, मिति २०६३/९/१९ देखि आफ्नो वित्तीय कारोबार संचालन गरिरहेको छ । नेपालको गण्डकी प्रदेशमा अवस्थित स्याङ्जा जिल्लाको पुतलीबजार न.पा.मा वि.स.२०६३ पौष १९ गतेका दिन ३ जिल्ला कार्यक्षेत्र बनाई "ख" वर्गको वित्तीय संस्थाको रुपमा विधिवत् स्थापना भएको मुक्तिनाथ विकास बैंक लि., हाल काठमाडौंको लाजिम्पाटमा केन्द्रीय कार्यालय स्थापना गरि राष्टिय स्तरमा ग्राहकमैत्री वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ ।

१२ वर्षे सशस्त्र द्वन्दले समग्र राज्यलाई नै प्रत्यक्ष असर पारिरहेको परिप्रेक्षमा नेपालको पहाडी तथा दुर्गम मानिने स्याङ्जा जिल्ला पनि अछुतो रहन सकेन । उक्त समय स्याङ्जा जिल्लामा भएका सरकारी तथा गैर सरकारी संघ संस्थाहरु विस्थापित हुने क्रममा बैंक वित्तीय संस्थाहरु पनि पूर्ण रुपमा पोखरा विस्थापित भएका थिए । साना साना वित्तीय सेवा लिन पनि स्याङ्जा जिल्लाका जनताहरु घण्टौंको जोखिमपुर्ण यात्रा तय गर्दै दिनलाई नै माया मारी पोखरामा गई सेवा लिन बाध्य थिए । देश शान्तिवार्ता मार्फत सशस्त्र द्वन्द अन्त्य तर्फ उन्मुख गर्दा स्याङ्जा जिल्लाबाट विस्थापित भएका बैंकहरु पुनः स्थापित हुन सकिरहेका थिएनन् । यसै शिलशिलामा जिल्लाबासीको वित्तीय समस्यालाई समाधान गर्ने हेतु सहित स्थानिय बुद्धिजिवी र भद्र भलादमीहरुको सानो समुहले स्याङ्जा, कास्की, तनहुँलाई कार्यक्षेत्र बनाई स्याङ्जा बजारबाट ३ जिल्ले विकास बैंक संचालनमा ल्याई स्याङ्जा जिल्लाका जनताहरुलाई सरल वित्तीय सेवा प्रदान गर्ने उद्देश्य सहित वि.सं.२०६३ पौष १९ गते नेपाल राष्ट्र बैंकबाट ईजाजत लिई "ख" वर्गको वित्तीय संस्थाको रुपमा मुक्तिनाथ विकास बैंक लि.को स्थापना हुन पुग्यो ।

"जनता बैंकमा होईन, बैंक जनतामा जानु पर्दछ" भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै यस बैंकको स्थापना लगतै स्याङ्जा जिल्लाका ग्रामिण क्षेत्र जहाँ बैंकिङ्ग पहुँच पुग्न सकेका छैनन् त्यस क्षेत्रका जनतालाई पहिलो प्राथमिकतामा राखि जिल्लाका दुर्गम क्षेत्रमा शाखाहरु विस्तार भए । यस बैंकले शाखा विस्तारसंगै सुरुवाती दिनमा श्रृजना भएका आरोह अबरोहहरु को सामना गर्दै र जनताका मनमा श्रृजित अविश्वासहरुलाई चिर्दै ग्राहकमैत्री वित्तीय सेवा प्रदान गर्दै हरेक जनताका मनमुटुमा बस्न सफल भयो । लोकप्रियता चुलिएसँगै यस बैंकले सेवालाई अझ प्रभावकारी बनाउने हेतुले वि.सं.२०६५ बैशाख १ गतेबाट लघुवित्त विभाग खडा गरि ग्रामिण क्षेत्रमा रहेका न्यून आय भएका व्यक्तिहरु जो गरिबीको रेखामुनि छन्, जसको बैंक वित्तीय संस्थामा सहज पहुँच हुदैन त्यसता व्यक्तिहरुलाई लघुवित्त कार्यक्रम मार्फत जनताको घरदैलोमा गई सेवा प्रदान गर्न सुरु गऱ्यो ।

नागरिकहरुको सामाजिक, आर्थिक स्तर उकास्दै सबैको रोजाईको सबल बैंकको रुपमा स्थापित हुने परिदृष्य सहित अघि बढेको यस मुक्तिनाथ विकास बैंकले हाल नेपाल अधिराज्यभर १७८ शाखा कार्यालय, ३,५०० भन्दा माथिका रेमिटान्स् केन्द्रहरु र २२ ए टि एम बुथ मार्फत ९ लाख ५० हजार भन्दा धेरै ग्राहकलाई सरल ढंगबाट खुशी बनाई वित्तीय सेवा प्रदान गर्दै आएको छ । यस बैंकले आफ्ना ग्राहकहरुलाई ग्राहकमैत्री प्रभावकारी सेवा प्रदान गरे वापत विभिन्न किसिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवार्डहरुबाट सम्मानित समेत भएको छ । यसका संस्थापकहरुमा नेपाल सरकारको प्रशासनिक उच्च तहको कार्यानुभव भएका तथा बैंकिङ्ग/वित्तीय क्षेत्र, उद्योग व्यवसाय, कृषि, पर्यटन, शैक्षिक क्षेत्र एवं व्यवस्थापनमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

मुक्तिनाथ विकास बैंक लि.को ईतिहासका प्रमुख घटनाहरु यस प्रकार छन् ।

क्र.सं.	संक्षिप्त ईतिहास
१	वि.सं.२०६३ पौष १९ गते नेपाल राष्ट्र बैंकबाट ईजाजत लिई "ख" वर्गको वित्तीय संस्थाको रुपमा मुक्तिनाथ विकास बैंक लि.को स्थापना, ३ जिल्लाबाट सेवा सुचारु
२	वि.सं.२०६५ बैशाख ०१ गतेबाट लघुवित्त विभाग खडा गरि ग्रामिण क्षेत्रमा सेवा प्रदान गर्न सुरु
३	वि.सं.२०६९ मा १० जिल्लाहरु सम्म आफ्नो सेवा विस्तार
४	वि.सं.२०७२ सालमा राष्ट्रिय स्तरको कार्यक्षेत्र अनुमति प्राप्त
५	वि.सं.२०७३ सालमा काठमाडौंमा केन्द्रीय कार्यालय स्थापना

३. कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय व्यवसाय) गर्ने कोष प्रवर्द्धक कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) विकास बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै, सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक आन्तरिक तथा बाह्य वित्तीय साधन स्रोत जुटाई, देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारी मूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई, गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र
(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी, संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

४. कोष प्रवर्द्धकको विगत तीन वर्षको वित्तीय विवरण :

मुक्तिनाथ विकास बैंक लि. को विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) तथा विगत तीन [illegible]

[illegible]

५. योजना व्यवस्थापक सम्बन्धी जानकारी :

[illegible]

४. *योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास :* कम्पनी ऐन, २०६३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित मुक्तिनाथ क्यापिटल लिमिटेड (साविकको भिबोर क्यापिटल लिमिटेड), नारायणचौर, नक्साल, काठमाडौंमा रहेको छ । यस संस्थामा मुक्तिनाथ विकास बैंकको ६०.२६ प्रतिशत लगानी रहेको छ । श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, कम्पनी ऐन, २०६३ को व्यवस्था बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६६/१०/२७ मा पब्लिक कम्पनीको रुपमा दर्ताभई (दर्ता नम्बरः १२१२/०६६/०६७) तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट मिति २०६७/०४/११ गते धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर, अनुमति पत्र नं. २०) सम्बन्धी कार्य गर्नका लागि इजाजतपत्र तथा मिति २०८०/०२/१६ गते संस्थागत परामर्श सेवाका लागि इजाजतपत्र प्राप्त गरी उक्त कम्पनीले हाल निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूतिकर्ता, शेयर रजिष्ट्रार, लगानी व्यवस्थापक र संस्थागत परामर्श सेवा सम्बन्धी कार्य गर्दै आइरहेको छ । नेपाल धितोपत्र बोर्डबाट मिति २०७१/०६/१४ गते निक्षेप सदस्यको (दर्ता प्रमाणपत्र नं. २१) प्राप्त गरी मिति २०७१/०७/२३ गते सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको निक्षेप सदस्यता (सदस्यता नं. ०२३) हासिल गरी निक्षेप सदस्य सेवा सम्बन्धी कार्य गर्दै आइरहेको छ । यस कम्पनीले मिति २०८०/०३/१७ मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमति प्राप्त गरी सो सम्बन्धी कार्य गर्दै आइरहेको छ ।

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

(अ) कम्पनीका शेयरधनीहरुको हकहितको संरक्षण तथा सम्बर्द्धन गर्ने ।
(आ) लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रुपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
(इ) लगानीकर्ताहरुको पूँजी बजार तर्फको विश्वसनियता अभिवृद्धि गर्न आवश्यक कार्य संचालन गर्ने ।
(ई) पूँजी बजारसँग सम्बन्धित सेवाको विकास तथा विस्तार गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।
(उ) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशको पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

७. योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	संख्या
१.	संस्थापक समूहबाट	३
२.	सर्वसाधारण समूहबाट	१
३.	स्वतन्त्र संचालक	२
	जम्मा	६ जना

८. योजना व्यवस्थापकको पूँजी संरचना सम्बन्धी जानकारी :

(क) **अधिकृत पूँजी :** योजना व्यवस्थापकको अधिकृत पूँजी रु.५०,००,००,०००/- (अक्षरेपी पचास करोड मात्र) रहेको छ । सो पूँजीलाई प्रति शेयर रु.१००/- का दरले ५०,००,००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
(ख) **जारी पूँजी :** योजना व्यवस्थापकको जारी पूँजी रु.४५,००,००,०००/- (अक्षरेपी पैंतालिस करोड मात्र) रहेको छ । सो पूँजीलाई प्रति शेयर रु.१००/- का दरले ४५,००,००० (पैतालिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
(ग) **चुक्ता पूँजी :** योजना व्यवस्थापकको चुक्ता पूँजी रु.४०,५०,००,०००/- (अक्षरेपी चालिस करोड पचास लाख मात्र) रहेको छ । सो पूँजीलाई प्रति शेयर रु.१००/- का दरले ४०,५०,००० (चालिस लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

नोट : कम्पनीको जारी पूँजीको १० प्रतिशत शेयर सर्वसाधारणहरुको लागि छुट्याइएको हुनाले जारी पूँजी र चुक्ता पूँजीमा फरक रहेको ।

९. योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी :

क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा), शैक्षिक योग्यता र अनुभव :

क्र.सं.	नाम	ठेगाना	राष्ट्रियता	शेयर स्वामित्व (%)	शेयर संख्या	शैक्षिक योग्यता	अनुभव
१.	श्री मुक्तिनाथ विकास बैंक लि.	लाजिम्पाट-३, काठमाडौं (प्रधान कार्यालय)	लागु नहुने	६०.२६	२४,४०,४५०	लागु नहुने	लागु नहुने
२.	श्री लुम्बिनी विकास बैंक लि.	डिल्लीबजार, काठमाडौं (प्रधान कार्यालय)	लागु नहुने	१९.७५	८,००,०००	लागु नहुने	लागु नहुने
३.	श्री शशीराज पाण्डे	डिल्लीबजार, काठमाडौं	नेपाली	२.७२	१,१०,०००	स्नातकोत्तर	व्यवसायी
४.	श्री उर्मिला पाण्डे	डिल्लीबजार, काठमाडौं	नेपाली	१.९८	८०,०००	प्रमाणपत्र तह	व्यवसायी
५.	श्री सौरभ तिमिल्सिना	आलोकनगर, काठमाडौं	नेपाली	१.८५	७५,०००	स्नातकोत्तर (व्यवस्थापन)	व्यवसायी
६.	श्री आदर्श राज पाण्डे	डिल्लीबजार, काठमाडौं	नेपाली	०.९९	४०,०००	स्नातकोत्तर (व्यवस्थापन)	व्यवसायी
७.	श्री सिताराम प्रसाई	नक्साल, काठमाडौं	नेपाली	०.९९	४०,०००	साक्षार	व्यवसायी
८.	श्री सागर प्रसाद तिमिल्सिना	आलोकनगर, काठमाडौं	नेपाली	०.६२	२५,०००	साक्षार	नेपाल सरकारको सेवा निवृत
९.	श्री नारायण कुमार श्रेष्ठ	कुमारीटोल-२६, काठमाडौं	नेपाली	०.६२	२५,०००	स्नातकोत्तर (व्यवस्थापन)	बैंकिङ्ग तथा संचार सम्बन्धि
१०.	श्री तुलसी प्रसाद उप्रेती	सुकेधारा, काठमाडौं	नेपाली	०.४९	२०,०००	स्नातकोत्तर (समाजशास्त्र, अर्थशास्त्र, व्यवस्थापन)	नेपाल राष्ट्र बैंकमा सेवा निवृत
११.	श्री सीताराम काफ्ले	धापासी, काठमाडौं	नेपाली	०.४९	२०,०००	स्नातकोत्तर (व्यवस्थापन)	वित्तीय सम्बन्धी
१२.	श्री तुलसि राम ढकाल	धापासी, काठमाडौं	नेपाली	०.४९	२०,०००	स्नातक (अर्थशास्त्र)	व्यापार व्यवसाय
१३.	श्री गजेन्द्र मान श्रेष्ठ	नागार्जुन-२, काठमाडौं	नेपाली	०.४९	२०,०००	स्नातक (व्यवस्थापन)	औषधि बिक्री वितरण तथा बैंकिङ्ग सम्बन्धी
१४.	श्री खिम प्रकाश मल्ल	सिमलचौर-८, पोखरा	नेपाली	०.४९	२०,०००	स्नातकोत्तर (व्यवस्थापन)	बैंकिङ्ग सम्बन्धी
१५.	श्री शिव प्रसाद शर्मा पौडेल	रविभवन-१४, कास्की	नेपाली	०.४६	१८,५५०	स्नातकोत्तर (व्यवस्थापन)	संयुक्त राष्ट्र संघ अन्तर्गत विदेशमा तथा नेपालका [illegible]
[illegible]							
५१.	श्री लिला नाथ ढकाल	धापासी, काठमाडौं	नेपाली	०.१०	४,०००	स्नातक (मानविकि तथा समाजशास्त्र)	व्यापार तथा व्यवसाय
५२.	श्री गोकुल थापा	बुढानिलकण्ठ-२	नेपाली	०.१०	४,०००	साक्षार	व्यापार तथा व्यवसाय

ख) संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शैक्षिक योग्यता र अनुभव :

क्र.सं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शैक्षिक योग्यता	अनुभव
१.	श्री समिर शेखर बज्राचार्य	अध्यक्ष/ संचालक	५० वर्ष	नेपाली	सिद्धि गणेश मार्ग, ललितपुर	स्नातकोत्तर (व्यवस्थापन)	विभिन्न वित्तीय तथा व्यवसायिक क्षेत्रको संचालकमा रही २२ वर्ष भन्दा बढीको कार्य अनुभव ।
२.	श्री डण्डपानी ढकाल	संस्थापक	५२ वर्ष	नेपाली	टोखा, काठमाडौं ।	स्नातक (कानुन)	विभिन्न वित्तीय क्षेत्र तथा मुक्तिनाथ विकास बैंकको विभिन्न तहमा रही २० वर्ष भन्दा बढिको कार्य अनुभव ।
३.	श्री उमेश रेग्मी	संस्थापक	४४ वर्ष	नेपाली	भरतपुर, चितवन ।	स्नातकोत्तर (व्यवस्थापन)	लेखापरिक्षण तथा वित्तीय क्षेत्रमा १८ वर्षभन्दा बढिको कार्य अनुभव ।
४.	श्री लिला नाथ ढकाल	सर्वसाधारण	५० वर्ष	नेपाली	धापासी, काठमाडौं ।	स्नातक (व्यवस्थापन)	विभिन्न वित्तीय क्षेत्रको संचालक तथा व्यापार व्यवसायिक क्षेत्रमा २० वर्षभन्दा बढिको कार्य अनुभव ।
५.	श्री दिपान्जली खकुरेल	स्वतन्त्र	४७ वर्ष	नेपाली	पानीपोखरी, काठमाडौं ।	स्नातकोत्तर (व्यवस्थापन)	बैंक तथा वित्तीय क्षेत्रमा २५ वर्षभन्दा बढिको कार्य अनुभव ।
६.	श्री सुमन कोईराला	स्वतन्त्र	४२ वर्ष	नेपाली	मध्यपुर ठिमी, भक्तपुर ।	एसिसिए (ACCA), स्नातकोत्तर (विज्ञान)	राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थामा आवद्ध रहि २० वर्ष भन्दा बढी लेखापरिक्षण तथा परामर्श सम्बन्धी कार्य अनुभव ।

१०. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरुको नाम, पद, उमेर, शैक्षिक योग्यता, व्यवसायिक अनुभवसम्बन्धी विवरण :

क्र.सं.	नाम	पद	उमेर (बर्ष)	शैक्षिक योग्यता	अनुभव
१.	श्री कबिन्द्र विक्रम ध्वज जोशी	प्रमुख कार्यकारी अधिकृत	४९	स्नातकोत्तर (व्यवस्थापन)	• हाल मुक्तिनाथ क्यापिटल लिमिटेडमा ४ वर्ष भन्दा बढीको अनुभव • एनआईएमबि एस क्यापिटल लि. मा ५ वर्षको अनुभव • प्रभु क्यापिटल लि. (साविकको ग्रोमोर मर्चेन्ट बैंकर लिमिटेडमा) ५ वर्षको अनुभव • नेपाल इनभेष्टमेण्ट मेगा बैंक लि. (साविकको एस डेभलपमेण्ट बैंक लिमिटेड) मा २ वर्षको अनुभव • हाल लक्ष्मी सनराईज क्यापिटल लिमिटेड (साविकको एनआईडिसी क्यापिटल मार्केट्स लि.) मा ९ वर्षको अनुभव ।
२.	श्री अनिल महर्जन	प्रमुख संचालन अधिकृत	३६	स्नातकोत्तर (व्यवस्थापन)	• हाल मुक्तिनाथ क्यापिटल लिमिटेडमा करिब ३ वर्षको अनुभव • आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडमा करिब २ वर्षको अनुभव • एनआईएमबि एस क्यापिटल लिमिटेडमा २ वर्ष भन्दा बढीको अनुभव • नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. (साविकको एस डेभलपमेण्ट बैंक लिमिटेड) मा ८ वर्ष भन्दा बढीको अनुभव • विभिन्न संघ संस्थाहरुमा लेखा तथा वित्तीय कारोबार क्षेत्रमा ६ वर्ष भन्दा बढीको अनुभव ।
३	श्री सन्दिप सुवेदी	प्रमुख लगानी अधिकृत	३०	चार्टर्ड एकाउन्टेण्ट (सि.ए.)	• हाल मुक्तिनाथ क्यापिटल लिमिटेडमा करिब १० महिनाको अनुभव • एनआईसी एशिया क्यापिटलमा करिब ४ वर्षको कार्य अनुभव • मन्जुश्री फाइनान्स लिमिटेडमा २ वर्षको कार्य अनुभव • विभिन्न लेखापरिक्षण फर्महरुमा ४ वर्षको कार्य अनुभव ।

११. योजना व्यवस्थापकको वित्तीय विवरण :

क. वासलात *रकम (रु.हजारमा)*

विवरण	वास्तविक			आ.व.२०८१/८२ (असोज मसान्त)
	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१	
सम्पत्ति				
नगद तथा नगद समान	५६,७९१	३७३,६३७	२९८,५२३	३४६,०११
धितोपत्रमा लगानी (Through FVTPL)	६३,७९६	४८,६१९	१०२,९४०	८९,४१४
वित्तीय लगानी (Held for Maturity)	२०,०००	२१,६०७	४७,५६७	५,०००
अन्य व्यापारिक सम्पत्तिहरु	२२,७४६	४६,०५९	६२,९१५	३३,८९६
अन्य सम्पत्तिहरु	८२३	१,०९४	११,०६८	१,८८२
चालु कर सम्पत्ति	-	४,५७९	-	
लगानी सम्पत्ति	३३,११६	३३,११६	३३,११६	३३,११६
सम्पत्ति र उपकरण	१०,२५०	७,१७४	५,३८९	४,८१०
संप्रयोजन गर्ने सम्पत्ति (Right to use)	८,६६५	७,३८७	५,४३६	५,४३६
ख्याति तथा अमुर्त सम्पत्ति	९६९	६७२	३४३	२८५
स्थगन कर सम्पत्ति	९,७९०	१,३१२	१९०	१९०
जम्मा सम्पत्तिहरु	२२६,९४७	५४५,२५६	५६७,४८६	५२०,०३९
दायित्वहरु				
अन्य व्यापारिक दायित्वहरु	२८,४४०	११५,४२४	९७,८५८	६४,४२४
अन्य दायित्वहरु	७,५४६	८,२३४	५,०६१	१२,९८४
चालु कर दायित्व	१९३	-	३,७९४	१,८९५
व्यवस्थाहरु	८१८	४,८९८	७,१६८	१,२९१
स्थगन कर दायित्व	-	-	-	
जम्मा दायित्वहरु	३६,९९७	१२८,५५७	११३,८८१	८०,५९४
इक्विटी				
शेयर पूँजी	२०२,५००	४०५,०००	४०५,०००.००	४०५,०००
शेयर प्रिमियम	-	४०	४०	४०
संचित मुनाफा	(१६,९०८)	४,६६२	३७,५२६	१६,२१५
जगेडा कोष	४,३५८	६,९९६	११,०३९	१८,१९०
शेयरधनीहरुलाई बाँडफाँड योग्य पूँजी	१८९,९५०	४१६,६९९	४५३,६०५	४३९,४४५
कुल दायित्व तथा पूँजी	२२६,९४७	५४५,२५६	५६७,४८६	५२०,०३९
सम्भावित दायित्व र प्रतिबद्धता				
प्रति शेयर खुद सम्पत्ति मुल्य	९४	१०३	११२	१०८.५१

ख. नाफा-नोक्सान हिसाब *रकम (रु.हजारमा)*

विवरण	वास्तविक			आ.व.२०८१/८२
[illegible]				
कर्मचारी खर्च	१६,११४	२१,८०२	२६,०९६	४,६३८
अन्य संचालन खर्च	१६,११४	१४,८३०	१८,०४०	८,२२०
ह्रासकट्टि र परिशोधन	५,५०६	५,५९१	५,५३५	६५६
कुल खर्च	३७,७३४	४२,२२३	४९,६७१	१३,५१४
आयकर अधिको मुनाफा	(२३,०४६)	३४,६००	५२,९००	१६,२१५
आयकर खर्च	(६,७६७)	१०,३१५	१५,८८२	५,९८६
चालु आयकर	२,६३४	१,८३६	१४,७६१	४,८६५
स्थगन कर आम्दानी/खर्च	(९,४०१)	८,४७८	१,१२१	१,१२१
यस वर्षको नाफा	(१६,२८०)	२४,२८५	३७,०१८	१०,२२९
प्रति शेयर आम्दानी (रु.)	(८.०४)	६.००	९.१४	२.५३

१२. कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी :

क्र.सं.	नाम	व्यवसायिक अनुभव	मुख्य पेशा व्यवसाय	हाल कायम रहेको जिम्मेवारी
१.	डा.नरहरी ढकाल	बैक तथा वित्तीय संस्था सम्बन्धी अध्ययन अनुसन्धानमा ३५ वर्षको कार्य अनुभव ।	बैकिङ्ग, वित्त, उद्यमशिलता विकास र जिविकोपार्जन क्षेत्रमा अध्ययन, अनुशन्धान र परामर्श सेवा	सामाजिक तथा आर्थिक अध्ययन केन्द्र मार्फत स्वरोजगार र विभिन्न अन्तराष्ट्रिय संस्थामा परामर्श सेवा तथा काठमाडौं विश्वविद्यालय स्कुल अफ मेनेजमेन्ट (KUSOM) मा भिजिटिङ फ्याकल्टिको रुपमा अध्यापन ।
२.	श्री त्रिलोचन पंगेनी	नेपाल राष्ट्र बैंकमा ३० वर्षको कार्य अनुभव ।	नेपाल राष्ट्र बैंकको सेवा	सेवा निवृत ।
३.	व.अ.मोतिराज गौतम	कानूनी व्यवसायका ३० वर्ष भन्दा बढीको अनुभव ।	कानून व्यवसायी	वरिष्ठ अधिवक्ता तथा जुडिसियल लयर्स काउन्सील, का.म.न.पा.-४, बालुवाटारमा प्रोप्राइटरको रुपमा कार्यरत ।
४.	सिए अनिल पौडेल	लेखापरिक्षण तथा वित्तीय परामर्श सेवामा १६ वर्षको अनुभव ।	लेखापरिक्षण तथा वित्तीय परामर्श सेवा	ए.पि एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स का.म.न.पा.-३२, अनामनगरमा प्रोप्राइटरको रुपमा कार्यरत ।
५.	श्री सुनिता सिग्देल	विभिन्न वित्तीय संस्थाहरुमा १५ वर्ष भन्दा बढिको कार्य अनुभव ।	वित्तीय क्षेत्र	महिला शक्ति बचत तथा ऋण सहकारी संस्था लि., का.म.न.पा.-१४, बल्खुमा संचालक रहेका ।

१३. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका :

प्रचलित कानूनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको सत्यताको सम्बन्धमा अध्ययन गरी स्वीकृतिका लागि पठाउने अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानून तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने, योजना अन्तर्गतका सम्पत्ति तथा कागजातहरु सुरक्षित साथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डबाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने, योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने, दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लंघन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लंघन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ । यस बाहेक सामूहिक लगानी कोष नियमावली, २०६७ को १९ मा तोकिएबमोजिम अन्य कार्यहरु गर्ने साथै योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्यहरुको अनुगमन गर्ने कार्य कोष सुपरीवेक्षकको हुनेछ ।

१४. योजनाको उद्देश्य :

योजनाले इकाई बिक्रीबाट संकलित रकम धितोपत्र बजारमा लगानी गरी दक्ष लगानी सेवाद्धारा योजनाका लगानीकर्तालाई उचित प्रतिफल दिने साथसाथै एक संस्थागत लगानीकर्ताको हैसियतबाट बजारको दिगो विकासमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाका इकाईहरु निष्काशन गरिएको हो ।

१५. योजनाले लगानी गर्ने क्षेत्र :

यस योजनाले सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३४ र ३६ मा भएको व्यवस्था बमोजिम लगानीको सीमा पालना गरी देहाय बमोजिमको लगानी गर्नेछ :

नियम ३४ मा भएको व्यवस्था बमोजिम योजनाले देहायको सीमाभित्र रही लगानी गर्नेछ :

(क) बोर्डमा दर्ता भएको धितोपत्र,
(ख) सार्वजनिक निष्काशन भएको धितोपत्र,
(ग) धितोपत्र विनिमय बजारमा सुचीकृत धितोपत्र,
(घ) नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु,
(ङ) बैंक निक्षेप,
(च) मुद्रा बजार उपकरण,
(छ) बोर्डले तोकिदिएको अन्य क्षेत्र,
(ज) नेपाल धितोपत्र बोर्डको नियमावली संशोधन भएमा सो समेत उपरोक्तानुसार उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको व्यवस्थालाई मध्येनजर गरी राम्रो प्रतिफल देखिएमा कुनै एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रमा सार्न सकिनेछ ।

नियम ३६ मा भएको व्यवस्था बमोजिम योजनाले देहायको सीमाभित्र रही लगानी गर्नेछ :

(१) योजना व्यवस्थापकले प्रत्येक योजनाको रकम लगानी गर्दा देहाय बमोजिमको सीमाभित्र रही लगानी गर्नेछ ।
 (क) कुनै एक संगठित संस्थाको साधारण शेयरमा त्यस्तो संस्थाको कुल चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी नहुने गरी, तर संगठित संस्थाको कूल साधारण शेयरमा योजनाको आकारको कम्तीमा बीस प्रतिशत लगानी योजना अवधिभर कायम राख्नु पर्नेछ ।
 (ख) कुनै एक संगठित संस्थाले निष्काशन गरेको अग्राधिकार शेयर वा डिबेञ्चरको बीस प्रतिशत भन्दा बढी नहुने गरी ।
 (ग) कुनै एक संगठित संस्थाको धितोपत्रमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी ।
 (घ) अन्य सामूहिक लगानी कोष अन्तर्गतको योजनामा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी ।
 (ङ) बैंकको मुद्दती निक्षेपमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको १५ प्रतिशत भन्दा बढी नहुने गरी । तर योजनाको निर्धारित अवधि समाप्त हुनुभन्दा बढीमा ६ महिना अगाडि देखि बैंकको मुद्दती निक्षेप राख्न यो व्यवस्थाले वाधा पर्नेछैन ।
 (च) मुद्रा बजार उपकरणमा योजनाको आकार वा लगानी गर्दाको समयमा कायम रहेको खुद सम्पत्ति मूल्यको दश प्रतिशत भन्दा बढी नहुने गरी ।
(२) एउटा सामूहिक लगानी कोष अन्तर्गत संचालित अन्य योजनाको धितोपत्र वा सो कोषको कोष प्रवर्द्धक वा डिपोजिटरीले जारी गरेको धितोपत्रमा लगानी गर्न हुँदैन ।

नोटः यस योजनाले माथि उल्लेखित सिमा भित्र रही लगानी गर्नेछ ।

१६. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था:

१ ***खुद सम्पत्ति मूल्य गणना गर्ने विधिः***
प्रति इकाई खुद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई संख्याले भाग गरी प्रति इकाई खूद सम्पत्ति मूल्य कायम गरिनेछ । खुद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

प्रति इकाई खुद सम्पत्ति मूल्य = (लगानीको मूल्य) + (प्रतिफल) + (अन्य आय) - दायित्व तथा अपलेखन नगरिएको स्थगन तथा विविध खर्च / कुल इकाई संख्या

२ ***खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी व्यवस्थाः***
योजनाका इकाईहरु बाँडफाँड भएको एक महिना भित्र योजना व्यवस्थापकले प्रथम खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ । तत्पश्चात् सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ति मूल्य योजना व्यवस्थापकको वेबसाईट www.muktinathcapital.com मार्फत सार्वजनिक रुपमा जानकारी गराईनेछ । साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण मासिक रुपमा आफ्नो वेबसाईटमा राखी तथा राष्ट्रियस्तरको पत्रिकामा सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सो सम्बन्धी विवरण सार्वजनिक गर्नेछ । खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन सम्बन्धमा सार्वजनिक गर्ने सम्बन्धमा अन्य व्यवस्था प्रचलित कानून तथा नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम हुनेछ ।

१७. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफा मध्ये आवश्यकता अनुसार सञ्चित मुनाफा (Retained Earning) पूनः लगानीका लागि उपयोग गरिनेछ ।

१८. लगानी तथा लाभांशका सम्बन्धमा लागू हुने कर सम्बन्धी व्यवस्था :

नेपाल सरकारको नीति बमोजिम सामूहिक लगानी कोषका लागि नेपाल सरकारले जारी गरेको आर्थिक विधेयकले योजना अन्तर्गत संकलित रकम लगानी गरेबापत प्राप्त गर्ने लाभांश, ब्याज तथा पूँजीगत लाभकर आम्दानीमा कुनै कर नलाग्ने र योजनाले प्रतिफल वितरण गर्दा प्रचलित कानून बमोजिम पाँच प्रतिशतका दरले (व्यक्तिको हकमा) तथा पन्ध्र प्रतिशतका दरले (संस्थाको हकमा) कर कट्टी गरेर मात्र वितरण गर्ने व्यवस्था गरिएको छ । भविष्यमा यस सम्बन्धी व्यवस्था जारी हुने आर्थिक विधेयक अनुसार हुनेछ ।

१९. प्रति इकाई खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण :

प्रक्षेपित खुद सम्पत्ति मूल्य *(रु. हजारमा)*

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५
(क) सम्पत्ति					
लगानी	७३५,०००	९५५,१७५	१,०८०,५५८	१,२३९,२९९	१,४०१,९६७
बैंक मौजदात	४२६,४८५	३३२,२२५	३७४,२४२	४२५,६५७	५२२,८४७
चालु सम्पत्ति	२३,६६८	३२,७१३	३६,६१५	४३,७७५	५०,०५१
जम्मा सम्पत्ति (क)	१,१८५,१५३	१,३२०,११३	१,४९१,४१५	१,७०८,७३२	१,९७४,८६६
(ख) चालु दायित्व					
चालु दायित्व	१५४,६१६	१५४,७५६	१५५,३६९	१५६,१३०	१६७,०९६
जम्मा चालु दायित्व (ख)	१५४,६१६	१५४,७५६	१५५,३६९	१५६,१३०	१६७,०९६
खुद सम्पत्ति (क-ख)	१,०३०,५३७	१,१६५,३५७	१,३३६,०४६	१,५५२,६०२	१,८०७,७७०
जारी गरिएको इकाई संख्या	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००
लाभांश पछिको खुद सम्पत्ति मूल्य	१०	१२	१३	१६	१८
लाभांश वितरण	१५.००%	१५.००%	१५.००%	१५.००%	१६.००%
वार्षिक लगानी प्रतिफल	३.०५%	१३.४८%	२०.१२%	३५.१४%	४५.६४%
सुरु लगानीमा प्राप्त वार्षिक प्रतिफल	१८.०५%	२८.४८%	३५.१२%	५०.१४%	६१.६४%

विवरण	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
(क) सम्पत्ति					
लगानी	१,५८७,७८७	१,८०९,१७८	२,०७१,०६८	२,३८०,३००	१,६८६,२३०
बैंक मौजदात	६४५,२८३	७९६,०१२	९८६,६५८	१,२२३,४२८	२,३१७,२३२
चालु सम्पत्ति	५४,६३९	६३,१७३	७३,९५८	८६,१०७	८४,६१५
जम्मा सम्पत्ति (क)	२,२८७,७०९	२,६६८,३६२	३,१३१,६८४	३,६८९,८३६	४,०८८,०७७
(ख) चालु दायित्व					
चालु दायित्व	१६८,२४५	१६९,६३३	१७१,३२३	१७३,३९१	१५,८६५
जम्मा चालु दायित्व (ख)	१६८,२४५	१६९,६३३	१७१,३२३	१७३,३९१	१५,८६५
खुद सम्पत्ति (क-ख)	२,११९,४६४	२,४९८,७२९	२,९६०,३६१	३,५१६,४४५	४,०७२,२१२
जारी गरिएको इकाई संख्या	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००
लाभांश पछिको खुद सम्पत्ति मूल्य	२१	२५	३०	३५	४१
लाभांश वितरण	१६.००%	१६.००%	१६.००%	१६.००%	०.००%
वार्षिक लगानी प्रतिफल	६६.३१%	८३.५७%	११२.४७%	१३९.१७%	१६८.०५%
सुरु लगानीमा प्राप्त वार्षिक प्रतिफल	८२.३१%	९९.५७%	१२८.४७%	१५५.१७%	१६८.०५%

२०. योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

क) सामान्य जोखिम तत्वहरुः

(१) ***सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पुरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमाः*** सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।
(२) ***धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमाः*** योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानीमध्ये धितोपत्र बजारमा सुचीकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।
(३) ***कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना व्यवस्थापकहरुको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमाः*** योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाब किताब समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले कार्य सम्पादनको स्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।
(४) ***कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमाः*** योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सो को जिम्मेवारी कोष प्रवर्द्धकले लिदैन ।
(५) ***यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमाः*** यस योजना अन्तर्गत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सु-व्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

ख) खास जोखिम तत्वहरु :

(१) ***प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बीमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमाः*** यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अंकित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने पूँजीगत मुनाफा, व्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य बृद्धि (Capital Gain) वा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (Retained Earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।
(२) ***योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरिने धितोपत्रको संख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमाः*** सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्नेहुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सुचीकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरिद बिक्री गर्ने हुँदा सो को राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समयमा निर्भर हुन्छ । ढिलोगरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने व्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरिद बिक्रीमा हुने ढिलाइले बजार जोखिम समेत आकर्षित हुन सक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने ब्याजदर र धितोपत्रको लगानी बीच विपरित सम्बन्ध (Inverse Relation) हुने हुँदा सो को असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।
(३) ***रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थिरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमाः*** Infomerics Credit Rating Nepal Limited ले गरेको रेटिङ्ग सम्बन्धी कार्य यस योजनाको लागि नभई कोष प्रवर्द्धक र योजना व्यवस्थापकको लागि भएकाले सो रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता गर्दैन ।
(४) ***व्याजदर परिवर्तनबाट हुने जोखिम सम्बन्धमाः*** योजनाले लगानी गर्ने कुल रकममध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित ब्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित ब्याजदरमा हुने परिवर्तनले योजना अन्तर्गतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ ।
(५) ***योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमाः*** योजना अन्तर्गतका इकाईहरु विक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँड गर्ने, नेपाल स्टक एक्सचेन्जमा सुचीकृत गराई दोस्रो बजारमा कारोवारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नविकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।
(६) ***इक्वीटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्नेः*** इक्वीटीको मूल्यमा बजारको उतार चढाव सम्बन्धी जोखिमका साथै उक्त उपकरण जारी गर्ने कम्पनीको कार्यसम्पादनको जोखिम रहने हुन्छ । योजनाले यस्ता उपकरणहरुमा लगानी गर्दा यो जोखिमहरुले समेत सो मा प्रभाव पार्ने हुन्छ ।
(७) ***ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्नेकुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुराः*** कुनै पनि संस्थाले जारी गरेको ऋणको साँवा तथा व्याज भुक्तानी उक्त संस्थाको ईच्छा तथा क्षमतामा भर पर्ने हुन्छ । योजनाले लगानी गर्ने ऋणपत्रमा त्यस प्रकारको जोखिम रहने हुनसक्छ । तर योजनाले सरकारी ऋणपत्रमा लगानी गरेको छ भने उक्त लगानीको सवालमा योजनामा यस्तो प्रकारको जोखिम रहदैन ।
(८) ***तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यति नै तरलता आउने बारे उल्लेख गर्नेः*** योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने विषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहने हुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।
(९) ***व्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रा स्फुर्ती भएमा आदि बारेः*** व्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतार चढावको असर व्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा व्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।
(१०) ***पुनलगानी जोखिम यथावत रहने कारणमा व्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुनलगानीमा प्रयोग हुने हुँदा पुनलगानी जोखिम बारे खुलाउनेः*** ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानी पुन लगानी गरिने हुन्छ । यदि ब्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त ब्याज रकम पुनलगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ ।
(११) ***योजना शुरु गर्ने बेलामा भएको खर्च तथा वार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने कुराः*** योजनाका इकाईहरुको निष्काशन तथा बिक्री गर्दा लाग्ने खर्च समेत योजनाले व्यहोर्ने हुँदा सो खर्चले योजनाको खुद सम्पत्ति मूल्यमा असर पार्दछ ।
(१२) ***योजना अन्तर्गत लगानी गरिने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुराः*** योजनाले बिभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यि धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।
(१३) ***योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिभ, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्नेः*** योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा नेपाल धितोपत्र बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।
(१४) ***योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्नेः*** योजनाले यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।
(१५) ***योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सो को बोनश नपाउने बारेः*** योजनाको कार्यसम्पादनको आधारमा योजना अन्तर्गतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन ।

ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि योजना व्यवस्थापक कम्पनी सदैव सचेत रहने छ र सो का लागि बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी सो को व्यवस्थापनका लागि निम्न उपायहरु अवलम्बन गर्नेछ :

(क) लगानी गरिने धितोपत्रको कारोवार सम्बन्धी विवरण र धितोपत्र निष्काशन कम्पनीको वित्तीय विवरणहरु तथ्यांक प्रणालीको विकास गरिएको छ । सोको निरन्तर अद्यावधिक गर्ने व्यवस्था समेत गरिएको छ ।
(ख) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानी गर्ने निर्णय गरिने छ र यसका लागि योजना व्यवस्थापकले अभ्यासमा ल्याएको प्राविधिक तथा वित्तिय विश्लेषण विधिको उपयोग गरिने छ ।
(ग) लगानी विश्लेषणका तथा अनुसन्धानका लागि नयाँ विभागको ब्यवस्था गरिएको छ जसमा दक्ष तथा अनुभवी प्राविधिक विश्लेषक (Technical Analyst) र आधारभूत विश्लेषक (Fundamental Analyst) को रुपमा कर्मचारीको ब्यबस्था गरिएको छ ।
(घ) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने व्यवस्था मिलाईने छ ।
(ङ) लगानीमा हुने जोखिम न्युनिकरण गर्न तथा प्रतिफललाई उच्च राख्नका लागि प्रत्येक लगानीमा रहेको जोखिम तथा प्रतिफलको विश्लेषण गरेर उपयुक्त जोखिम प्रतिफल अनुपातलाई मध्यनजर गरी कम जोखिम हुने तथा प्रतिफल उच्च हुनसक्ने देखिएका विभिन्न उपकरणहरुमा लगानी गर्ने र सामूहिक लगानी कोष नियमावली र निर्देशिकाको लगानी सिमालाई पूर्णरुपमा पालना गरी बढी भन्दा बढी लगानी उपकरणहरुमा लगानी गरी लगानी विविधिकरण गरिनेछ ।
(च) तरलता व्यवस्थापनमा उच्च शर्तकता अपनाईने छ ।
(छ) लगानी तथा जोखिम व्यवस्थापनका लागि म्युचुअल फण्ड सफ्टवेयरको समेत उपयोग गर्ने ब्यवस्था गरिएको छ र लगानीलाई निरन्तर अनुगमन गरि प्रमुख संचालन अधिकृतको संयोजकत्वमा गठित लगानी समिति, स्वतन्त्र संचालकको संयोजकत्वमा जोखिम तथा लगानी ब्यवस्थापन समिति र समय समयमा संचालक समितिमा छलफल गरि लगानी सम्बन्धी निर्णय गर्ने र आवश्यकता अनुसार पुनरावलोकन गर्ने ब्यवस्था गरिएको छ ।

२१. इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(१) योजनाको सम्पूर्ण ईकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुल्ला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक वा निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।
(२) बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत ईकाई खरिद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ । न्युनतम पचास प्रतिशत ईकाई बिक्री नभएमा उक्त योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता भुक्तानी प्रकृया शुरु गरिनेछ ।
(३) इकाई बाँडफाँड गर्दा विवरण पुस्तिकामा उल्लेख भए बमोजिमको अधिकतम सिमासम्मको इकाई बाँडफाँड गरिनेछ । निष्काशन गरिएको भन्दा बढी संख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गरिनेछ ।
(४) धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ को उपनियम ७ को व्यवस्था बमोजिम ईकाईको बाँडफाँड अभौतिकरुपमा मात्र गरिने छ । इकाईको बाँडफाँड सम्बन्धी अन्य व्यवस्था धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम हुनेछ ।
यस योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा अभौतिकीकरणका लागि दर्ता गरी दोस्रो बजारमा कारोबारको व्यवस्था गरिनेछ ।

२२. आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरु :

१. कुनै पनि नेपाली नागरिक, गैरआवासीय नेपाली तथा नेपाली संघ संस्थाले स्वीकृत विवरण पुस्तिकाअनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदन आस्वा (ASBA) को सदस्य रहेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरुबाट बुझाउन सकिनेछ ।
२. आवेदकले हितग्राहि खाता उपलब्ध गराउँदा निक्षेप सदस्यकोमा भएको वास्तविक नाम, थर, र तिन पुस्ता हुबहु उल्लेख गर्नुपर्नेछ । फरक परी बाँडफाँडमा नपरे आवेदक स्वयम् जिम्मेवार हुनेछ ।
३. रु.५,००,०००/- भन्दा कमको आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदन फारममा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ ।
४. आवेदन दिंदा आस्वामा सदस्य रहेका बैंक/वित्तीय संस्थाहरुले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको इकाई संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।
५. एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण इकाईको लागि एकभन्दा बढी आवेदन दिन पाइने छैन । यदि एकै व्यक्तिले एकभन्दा बढी आवेदन दिएमा सम्पूर्ण आवेदन रद्द गरिनेछ ।
६. आवेदकले कम्तीमा १०० (एक सय) इकाई तथा सोभन्दा बढी इकाई खरिदका लागि आवेदन दिन चाहेमा १० ले भाग जाने गरी अधिकतम १,००,००,०००/- (अक्षेरुपि एक करोड मात्र) इकाई खरिदका लागि आवेदन दिन सक्नेछ ।
७. स्वीकृत विवरण पुस्तिका बमोजिम निष्काशन गरिने इकाईहरुमा सङ्कलित रकम विविध निर्धारित क्षेत्रमा लगानी गरिने र विद्यमान परिस्थितिमा उक्त लगानीवाट आर्जन गरिने मुनाफाबाट प्रचलित कानुन बमोजिम इकाईधनीहरुमा प्रतिफल वितरण गरिनेछ ।
८. लगानीकर्ताले इकाईमा लगानी गर्नु अघि यस विवरण पुस्तिका राम्ररी अध्ययन गर्नु पर्दछ ।

२३. विवरण पुस्तिका पाईने स्थानहरु :

क्र.सं.	विवरण पुस्तिका प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं र वेवसाइट : www.muktinathcapital.com
२.	मुक्तिनाथ विकास बैंक लिमिटेड, लाजिम्पाट, काठमाडौं र वेवसाइटः www.muktinathbank.com.np
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र वेभसाइटः www.sebon.gov.np

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर **"मेरो शेयर"** अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

२४. ईकाइ बिक्री खुला गरिने मिति तथा अवधि :

स्वीकृत विवरण पुस्तिकाद्वारा निष्काशन गरिएको इकाईको लागि आवदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम १५ दिनको लागि हुनेछ । बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको २ महिना भित्र इकाईहरुको बिक्री खुल्ला गरिनेछ ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

योजना निष्काशनका बखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उत्पन्न भएमा त्यसको समाधानका लागि अनुपालन अधिकृत श्री अनिल महर्जनलाई गुनासो सुन्ने अधिकृतको रुपमा नियुक्त गरिएको छ । गुनासो सुन्ने अधिकृतले प्राप्त गुनासो सुन्ने सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ । यसरी समाधान हुन नसके तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षक समक्ष राखी सो को समाधान गरिनेछ ।

लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् :
फोन नं. ०१ ४५४६१०८/१०९, ४५४६४७०, Ext: 111, E-mail: info@muktinathcapital.com

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

मुक्तिनाथ क्यापिटल लि. MUKTINATH CAPITAL LTD. A Subsidiary of Muktinath Bikas Bank Ltd.

प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौ
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेलः info@muktinathcapital.com
वेभसाइटः www.muktinathcapital.com